APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

अर्की आइमाई उपन्यासमा डायस्पोरा चेतना

शारदा पाण्डे
उपप्राध्यापक
पद्मकन्या बहुमुखी क्याम्पस
Pandeysharda091@gmail.com

Received: Feb 23, 2025 Revised: May 16, 2025 Accepted: May 25, 2025

लेखसार

अर्की आइमाई उपन्यास नीलम कार्की निहारिकाको पहिलो डायस्पोरिक उपन्यास हो । यस उपन्यासमा घरदेश छोडेर परदेश अमेरिकामा बसोबास गर्ने नेपालीहरूको डायस्पोरा चेतनाको खोजी गरिएको छ । आफ्नो संस्कृति, समाज, भूगोल र भाषाप्रतिको आकर्षणका साथै विदेशी भूमिमा भोगेका केही पीडादायी अनुभूतिजन्य क्षणका जीवन्त विवरणहरू उपन्यासमा पाइन्छन् । प्रस्तुत अध्ययनका लागि पुस्तकायकार्यबाट सामग्री सङ्कलन गरी पाठविश्लेषण गरिएको छ । यहाँ “अर्की आइमाई” उपन्यासलाई प्राथमिक स्रोतको रूपमा उपयोग गरिएको छ र यस अध्ययनसँग सम्बद्ध सैद्धान्तिक पुस्तकहरू, अनुसन्धानमूलक लेखहरू द्वितीय स्रोतका सामग्रीका रूपमा प्रयोग गरिएको छ । उपन्यासमा पाइने पुर्ख्यौली भूमि र इच्छित भूमि, विभाजित मानसिकता, अल्पङ्ख्यक हुनुको पीडा, परादेशीय हुनुको रोमाञ्च र पीडा, एकतासूत्रको खोजी, अतीतमोह जस्ता तथ्यहरूका आधारमा सङ्कलन गरिएका प्रमाणलाई विश्लेषणात्मक पद्धतिको अवलम्बन गरिएको छ । उपन्यासकी केन्द्रीय पात्र तरू अमेरिकामा बस्ने नेपाली जीवनका भोक्ता र द्रष्टा बनेर उपस्थित छ । यसका साथै उपन्यासमा चित्रित हरेक पात्रहरूका परादेशका भोगाइ, अनुभूति र गृहस्मृतिलाई विषय बनाइएको छ । यस उपन्यासका हरेक पात्रका गतिविधि र तिनका जीवनका अनुभवहरूमा डायस्पोरा चेतना र मूल्य प्रबल देखिन्छ भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।

शब्दकुञ्जी : अल्पसङ्ख्यक, इच्छितभूमि, एकतासूत्र, डायस्पोरा, सांस्कृतिक पहिचान ।

विषयपरिचय

अर्की आइमाई उपन्यास डायस्पोरा लेखनमा केन्द्रित उपन्यास हो । उपन्यास लेखनको उत्तरआधुनिक प्रवृत्तिको एउटा पाटो डायस्पोरा लेखनमा आबद्ध भई लेखिएको उपन्यास *अर्की आइमाई* (२०७४) हो । नीलम कार्की निहारिकाले स्वदेशी भूमि र अमेरिका गएपछि भोगेको जीवनबाट शिक्षा ग्रहण गरी यस उपन्यासको रचना गरेकी हुन् । विविध समस्याको पोकोमा जकडिएको नेपाली जीवनका भोगाइ र अनभूति प्रस्तुत गरिएको यस उपन्यासमा प्रत्येक व्यक्तिको सौभाग्यको प्रतीक सहरभित्रका रहरले सिर्जित रोमाञ्च, मातृभूमि छोड्ने तीव्र इच्छा र विदेश गइसकेपछिका मार्मिक क्षणहरूको प्रस्तुतिमा केन्द्रित छ । घरदेश छोडिसकेपछि पृथक् भूगोल, माटो, संस्कृति, समाज, जीवनशैलीले सृजित संवेग र सन्त्रासका कारण बेचैन बनेको नेपालीहरूको कथालाई उपन्यासमा समेटिएको छ । नीलम कार्की निहारिका

APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

नेपाली आख्यान लेखनको समकालीन धाराकी स्रष्टा हुन् । आख्यानकार कार्की वर्तमान समाजका परिवर्तित मूल्य र विश्वव्यापीकरणकाले मानिसमा उत्पन्न पीडा, व्यथा, कारुणिकता, बाध्यता एवम् विवशता र भौतिक वस्तुप्रतिको असीम चाहनाले निम्त्याएका विषम परिस्थितिको चित्रणमा क्रियाशील छन् । नीलमले वर्तमान नेपाली युवापुस्ताको विदेशी भूमिप्रतिको आकर्षण, परदेशमा गएर भोगेका कठिन परिस्थिति, स्वसंस्कृति, भाषा, परम्परा त्याग्दै विदेशी माटो र रीतिरिवाजमा रम्ने प्रवृत्तिका कारण सामाजिक, सांस्कृतिक, भौगोलिक एवम् मानसिक विचलन भई जीवनपद्धति नै बिथोलिन पुगेको विषयमा केन्द्रित भई उपन्यास रचना गरेकी छन् । उपन्यासमा एकातिर धनार्जन र सुखप्राप्तिको तीव्र चाहना र अर्कातिर एकोहोरो श्रम गर्दाको तिक्तताले अतीतस्मृतिको अभिव्यक्ति भएको हुँदा डायस्पोरा चेतना प्रस्तुत भएको छ । यसर्थ *अर्की आइमाई* उपन्यासमा प्रस्तुत डायस्पोरा चेतना केकस्तो छ भन्ने मूल समस्यामा केन्द्रित भई विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ ।

डायस्पोरा भौगोलिक, सांस्कृतिक, भाषिक, जातीय आदि विविध सन्दर्भहरूको अन्तर्मिश्रण भई आप्रवासनसँग जोडिँदा डायस्पोराको निर्माण हुन्छ । डायस्पोराको निर्माण रहर वा बाध्यताले भएको हुन्छ । डायस्पोराहरू परिचयहीन भई यन्त्रवत रूपमा काम गर्दा परदेशमा भावनात्मक सामीप्यको खोजी गर्न थाल्दछन् । उनीहरूमा आफ्नो भाषा, संस्कृति, धर्म, खाना, पहिरनप्रति लगाव देखिन्छ । परदेशमा रहँदा उनीहरूमा एक्लोपनको अनुभूति हुन थालेपछि आफ्नो समुदायसँग एकताका लागि जुट्न थाल्छन् । नीलम कार्की निहारिकाले डायस्पोरा जीवनका सङ्घर्ष, स्वदेशप्रतिको चिन्ता र पहिचानका विषयलाई उपन्यासमा प्रस्तुत गरेकी छन् । उपन्यासमा प्रयुक्त विषयसन्दर्भ र प्रसङ्गले डायस्पोरा जीवनका विविध अभिलक्षणहरूलाई पुष्टि गर्दछन् । कार्कीको अर्की आइमाई उपन्यासमा केकस्तो डायस्पोराको प्रयोग कसरी गरिएको छ भन्ने प्रस्तुत अध्ययनको मूल अनुसन्धेय प्रश्न हो र यही प्राज्ञिक समस्याको समाधान गर्नु अध्ययनको उद्देश्य रहेको छ । गोविन्दराज भट्टराई, नेत्र एटम, स्टुअर्ट हलको सिद्धान्तलाई विश्लेषणको मुख्य आधार बनाइएको छ । अर्की आइमाई उपन्यासको डायस्पोरिक चेतनाका दृष्टिले कुनै पनि अध्ययन हुन नसकेको हुँदा यसैलाई अनुसन्धान रिक्तता मानेर यो लेख तयार पारिएको छ । प्रस्तुत लेखमा डायस्पोरा चेतनाका दृष्टिले विश्लेषण गर्दा पुर्ख्यौली भूमि र इच्छित भूमि, विभाजित मानसिकता, अल्पसङ्ख्यक हुनुको पीडा, एकतासूत्रको खोजी, अतीतमोह जस्ता डायस्पोरिक कृतिविश्लेषणका मानदण्डका आधारमा मात्र सीमित गरिएको छ ।

शोधविधि

प्रस्तुत अध्ययनमा नीलम कार्की निहारिकाको *अर्की आइमाई* उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ । डायस्पोरा चेतना अवधारणाको अध्ययनका लागि विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यहाँ दुवै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । गुणात्मक प्रकृतिको यस अनुसन्धानमा दुवै प्रकारका सामग्रीको प्रयोग गरी अर्की आइमाई उपन्यासमा अभिव्यक्त डायस्पोरा चेतनाको अध्ययनका लागि विश्लेषणको एउटा सैद्धान्तिक अवधारणा तयार पारिएको छ र पाठविश्लेषणबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसलाई अर्थापन गरिएको छ ।

सैद्धान्तिक आधार

ग्रिसेली भाषाबाट आएको 'डायस्पोरा' नेपाली समालोचनामा प्रचलित शब्द बनेको छ । डायस्पोरा 'डिया' र 'स्पोरा' मिलेर बनेको शब्द हो । शाब्दिक तहमा 'डिया' को अर्थ कुनै ठाउँबाट बाहिर अनि 'स्पोरा' को अर्थ परिक्षेपण अथवा छरिने, हुत्याउने, पठाउने काम भन्ने हुन्छ (भट्टराई, २०७६, पृ. १८५) । ईशापूर्व छैटौं शताब्दीलाई यहुदी डायस्पोराको आरम्भबिन्दु मानिएको भए पनि खासगरी अङ्ग्रेजी भाषामा र बीसौं शताब्दीको मध्यतिर विश्वका अन्य भाषाहरूमा यो शब्द प्रचलनमा आएको पाइन्छ । व्यापक अर्थमा डायस्पोराले विश्वका विभिन्न भागमा बसाइँ सरेर छरिए पनि सांस्कृतिक रूपले सम्पर्कमा रहेका समुदायलाई सङ्केत गर्दछ (एटम, २०७०, पृ. ७) । एटमले यहाँ भन्न खोजेको सांस्कृतिक सम्पर्कको आशय चाहिँ घरदेशसँग जोडिएको मानसिकता भनी बुझ्नुपर्ने हुन्छ । डायस्पोरिक साहित्य लगावहीन, विस्थापन, अस्तित्वको जडहीनता, पुरानो सुखद् अनुभूति र पहिचानको खोजसँग सम्बन्धित छ । यसले संस्कृतिहरूको एकीकरण वा विघटनसँग सम्बन्धित मुद्दाहरूलाई पनि सम्बोधन गर्दछ साथै यसले आप्रवासी वस्तीबाट निस्कने आप्रवासी अनुभवलाई प्रतिबिम्वित गर्दछ (हल, सन् १९९६, पृ. १६) । हलले डायस्पोरालाई मानवीय जीवनको मूल्यहीनता र अस्तित्वको खोजी भनेका छन् । वैयक्तिक रूपमा आत्मकेन्द्रित, जातीय रूपमा आत्मस्पष्ट र वैचारिक रूपमा एकरूपताको स्थितिमा आधारित हुने भूभागहरू बिचमा निलम्बन गरिएको डायस्पोराले सामाजिक संरचनाको नयाँ प्रजातिको प्रतिनिधित्व गरेको देखिन्छ (मिश्र, २००६, पृ. १६) । मिश्रले डायस्पोराका लागि क्षेत्रीय, राष्ट्रवादी, मनोवैज्ञानिक र वैचारिक स्थानहरू बिच सिधा सम्बन्ध देखाएका छन् । यसमा जातीय र वैचारिक रूपमा विच्छेद भई बस्नुपर्दाको अवस्था व्यक्त गरिएको हुन्छ ।

डायस्पोरा साहित्य प्रवासी संवेदनशीलतासँग सम्बन्धित छ । यो आप्रवासीहरूको जीवन र विदेशी भूमिमा उनीहरूको आन्तरिक र बाह्य द्वन्द्वहरूमा केन्द्रित छ । सांस्कृतिक दुर्दशा, पहिचानको खोज, बहुसांस्कृतिकता र मानवअस्तित्वको विश्वव्यापी पक्षहरूजस्ता मुद्दालाई डायस्पोरिक साहित्यले महत्त्वपूर्ण स्थान ओगटेको छ (लुइटेल, २०७९, पृ. ११) । यसरी डायस्पोरा साहित्यले यता न उताको सांस्कृतिक अवस्थालाई पहिचानको विषय बनाएको छ भने विदेशी माटोमा बस्दा भोग्नु परेको आन्तरिक र बाह्य द्वन्द्वलाई मूल विषय बनाएको पाइन्छ । उनीहरू विदेशी भूमिमा रहँदा स्वदेशको भाषा, खाना, धार्मिक लगाव, पहिरन आदिको संस्मरण भइरहन्छ । रहर वा बाध्यताले घरदेश छाडेर परदेशमा वितरित हुनु हो । आफ्नो भूमि छाडेर नयाँ देशमा बसाइँसराइ गरी निर्वासनमा रहेका व्यक्तिलाई डायस्पोराका नामले चिनिन्छन् भने तिनीहरूका भावना, कामना, उपेक्षा, पीडा र चिन्ता व्यक्त गरिएको साहित्य नै डायस्पोरिक साहित्यका रूपमा चिनिन्छ । हाल आएर डायस्पोराको अर्थ विस्तार भएको छ । डायस्पोरा पहिचान इतिहास वा परिस्थितिमा आधारित हुन्छ जसले आप्रवासनमा पुऱ्याउँछ । वर्तमान सन्दर्भमा डायस्पोरा भन्नाले जुनसुकै कारणले पनि आफ्नो मातृभूमि छाडेर अन्य मुलुकमा गएर बसोवास गर्ने व्यक्तिहरूलाई बुझाउने गर्दछ (अधिकारी, २०८१, पृ. ८) । उनको यस भनाइमा जुनसुकै कारणले भएपनि घरदेश छाडेर पराई भूमिमा बसेका व्यक्तिहरू डायस्यपोरा भएको स्पष्ट हुन्छ ।

मानिसहरू विभिन्न कारण परदेशमा पस्ने गर्दछन् । उनीहरू त्यहींको भाषा संस्कृतिमा बिस्तारै आफूलाई ढाल्दै लैजान्छन् । त्यो तिनीहरूको बाध्यता बन्छ तर पनि आफ्नो भाषा संस्कृतिको याद उनीहरूमा रहेको हुन्छ । विदेशी परिवेशमा घुलमिल हुन धेरै समय लाग्छ । त्यसैले आप्रवासी लामो

समयसम्म पराई भूमिमा बस्ने व्यक्तिहरूलाई भन्ने गरिन्छ । मातृभूमि त्यागेर अन्यत्र गई छोटो समय वा अस्थायी बसोवास गर्नेलाई नभएर लामो समय वा स्थायी बसोवास गर्नेलाई मात्र डायस्पोरा मान्नुपर्ने हुन्छ । बाध्यता वा रहरले विदेशमा गएर बसोवास गरे पनि डायस्पोराहरू आफ्ना जन्मभूमिमा फर्केर आउन चाहन्छन् तर सजिलै फर्केर आउन नसकी विदेशमै स्थायी बसोवास गर्न बाध्य हुन्छन् । आज डायस्पोरा शब्दले नयाँ ठाउँमा अनुभव गरिएको भिन्नताबोध, किनारीकृत हुनुको पीडाबोध, पुरानो थलोको मोहजस्ता कुरालाई समेटेर हेर्दछ (एटम, २०७०, पृ. १५) । विदेशिएपछि उनीहरूका मनमा आएको स्वदेशप्रतिको माया, विदेशी संस्कृतिमा घुलमिल हुनुपर्ने बाध्यता, अर्थआर्जनको सपना एवं चाँडोभन्दा चाँडो संसारका हरेक सेवासुविधा उपभोग गर्ने चाहनाले गर्दा डायस्पोरिक साहित्यमा तीव्रता आएको छ (भट्ट, २०७८, पृ. ४४) । । वर्तमान सन्दर्भमा मानिसहरू आफ्नो देशमा प्राकृतिक प्रकोप, महामारी, युद्ध, गरिबी, राजनैतिक परिस्थिति आदि समस्याबाट सताइएपछि जीवन जिउनुको एक मात्र विकल्प विदेश पस्नुलाई मान्न थालेको पाइन्छ । अर्कोतर्फ धनी मुलुकहरूमा भएका आधुनिक यान्त्रिक विकासका कारण भौतिक सुखसुविधा हासिल गर्ने इच्छा बोकेर पनि मानिसहरू विदेश जाने गर्दछन् । यसरी नेपाली डायस्पोरा पनि रहर वा बाध्यता जुनसुकै कारण भएपनि घरदेश छाडी परदेशमा बसेपछि उत्पन्न भएको पाइन्छ ।

उपन्यास विश्लेषणका विभिन्न आधारहरू पाइन्छन् । डायस्पोरिक उपन्यास विश्लेषणका पृथक् आधारहरू पाइन्छन् । खासगरी नेत्र एटमको *नेपाली डायस्पोरा र अन्य समालोचना* कृतिलाई प्रमुख आधार मान्दा पुर्ख्यौली भूमि र इच्छित भूमि, विभाजित मानसिकता, अल्पसङ्ख्यक तथा सीमान्तकृत हुनुको पीडा, परादेशीय हुनुको रोमाञ्च र चिन्ता, अस्तित्वबोधका लागि एकसूत्रताको खोजी, अतीत मोह आदि मानदण्डलाई उपन्यास विश्लेषणका लागि प्रयोग गर्ने गरिएको देखिन्छ (एटम, २०७०, पृ. ३२) । यिनै मानदण्डको निम्नानुसार चर्चा गरिएको छ :

पुर्ख्यौली भूमि र इच्छित भूमि

डायस्पोरा चेतना खोजीको एउटा आधार कृतिमा प्रस्तुत पात्रको घरदेश र परादेशका क्रियाकलाप हुन् । आफ्नो पैतृक भूमि र आफूले जीवन निर्वाहका निम्ति चयन गरेको भूमिका बिचमा धेरै कुराहरू भिन्न रहन्छन् । स्रष्टाको सृजनामा भिन्न भूमिप्रतिको दृष्टिकोण स्पष्ट देखिनु पर्छ । व्यक्ति डायस्पोरा बन्नुका कारण पूर्वभूमिमा रहेका आर्थिक, शैक्षिक र भौतिक तथा प्राविधिक श्रम र साधन आदिको अनुपलब्धताका कारण नवभूमिमा प्रवेश गर्नुपर्ने बाध्यता एकातिर स्रष्टाले सृजनामा संवेदनापूर्ण ढङ्गले प्रस्तुत गरेको हुन्छ र अर्कातिर नवभूमिमा रहँदा बेहोर्नुपर्ने समस्याहरूको उपस्थिति, यान्त्रिकता, एकाकीपन, नैराश्यता र तिनको सिकार बन्नु परेको अवस्थाको संवेदनागत अनुभूति प्रस्तुत गरिएको हुन्छ । भोक्ताको मानसिक सङ्घातमा नवभूमिको स्थितिको बोधजस्ता समस्याका कारण जन्मेको पीडा रचनामा प्रस्तुत भएको हुन्छ (भट्टराई, २०७१, पृ.१२१) । डायस्पोरामा इच्छित भूमि र पुर्ख्यौली भूमिका बिच द्वन्द्व प्रकट हुन्छ र कृतिको विश्लेषण गर्दा यस आधारलाई उपयोग गर्नु आवश्यक ठानिन्छ ।

विभाजित मानसिकता

कृतिमा डायस्पोरा चेतना खोजीको आधार विभाजित मानसिकता पनि हो । घरदेश छोडेर परदेश गएका व्यक्तिहरू सधैं विभाजित मानसिकतामा बाँचेका हुन्छन् । इतिहास कुनै पनि जातिको गौरव र राष्ट्रको प्रतिष्ठाको विषय हो । त्यस जातिको इतिहासले उनीहरूलाई वर्तमान दिइरहेको हुन्छ । डायस्पोरा

आफ्नो मातृभूमि त्यागेर पराय भूमिमा स्थापित हुन पुगेको अल्पसङ्ख्यक समुदाय हुनाले ऊ विभाजित मानसिकतामा हुन्छ (राई र तेम्बे, २०७२, पृ. २१)। डायस्पोरा चरित्रहरू आफ्नो मौलिक संस्कृति छोडिहाल्न पनि नसक्ने तथा पूर्ण रूपमा इच्छित भूमिको सांस्कृतिक परम्परालाई वहन गरिहाल्न पनि नसक्ने विभाजित मानसिकतामा रहेका देखिन्छन् ।

सीमान्तकृत हुनुको पीडा

सीमित दायरालाई आत्मसात् गरी किनारीकृत हुनुको सङ्कुचित मानसिकताको जीवन बिताउन डायस्पोरिक पात्रहरू बाध्य हुन्छन् । पुर्खाको थलो छाडेर नौलो भूमिमा टेकेपछि धेरै समस्याहरू आइपर्छन् । सर्वप्रथम त आफ्नो पहिचान नै सङ्कटमा पर्छ । म को हुँ, मलाई चिनाउने मौलिक तत्त्व के हुन् अनि तिनलाई कसरी जोगाएर राख्ने भन्ने प्रश्न तेर्सिन्छन् । साथै नौलो भूमिमा कसरी एडजस्ट हुने भन्ने समस्याले सताउँछन् (भट्टराई, २०७१, पृ. १७६) । डायस्पोराहरू आफ्नो भाषा, संस्कृति, धार्मिक लगाव, पहिरन, खाना, भूगोल तथा जीवनपद्धतिकै सीमिततामा बाँधिएका हुन्छन् । त्यसैले उनीहरू सीमान्तकृत हुन बाध्य हुन्छन् ।

परादेशीय हुनुको रोमाञ्च र पीडा

मानिस उत्साह, सङ्घर्ष र नवीनताको खोजीमा रमाउने प्राणी हो । डायस्पोराहरूले इच्छित भूमिमा जानुभन्दा पहिला रोमाञ्च बोकेका हुन्छन् भने त्यहाँ पुगेपछिको जीवन भोगाइले पीडा अनुभूति गराउँदछ । डायस्पोराहरूमा नयाँ ठाउँमा जीवनले केही नवीनता र सुख-समृद्धि फेला पर्ला भन्ने आशा हुन्छ । कति त त्यो पनि पूरा हुन्छ तर त्यो मन सधैँ विभाजित हुन्छ, त्यो अनिर्णय र अनिश्चयमा पनि हुन्छ । डायस्पोराको सम्बन्ध अभिघातसँग हुन्छ (भट्टराई, २०७१, पृ. ११८) । विदेश जाँदाको उत्साह र उमङ्ग पछि भय, सन्त्रास, चिन्ता र असुरक्षाले सताउन थालेपछि डायस्पोराहरूमा रोमाञ्च नै पीडामा रूपान्तरण हुन्छ ।

एकतासूत्रको खोजी

डायस्पोराहरू घरदेश छाडेर परदेश गएका हुँदा उनीहरूमा अल्पसङ्ख्यक भएको अनुभूति हुन्छ । विदेशमा रहेकाहरू स्वसंस्कृति, पहिचान र एकताको खोजीमा लागेका हुन्छन् । मानिसको मौलिकता भनेको उसको समाज र राष्ट्रले दिएको धर्म, संस्कृति, संस्कार र लोक रीतिथिति हो । त्यो प्रवासमा प्रभावित हुँदै जान्छ र अस्तित्व विलयको सङ्कट पर्दछ र यी जाति दुई फरक भूगोलमा टेकेर आफ्नो अस्तित्व निर्माणमा उभिएका हुन्छन् (राई र तेम्बे, २०७२, पृ. २४)। यसरी जातीय चेतनाका कारण उनीहरू अस्तित्व जोगाउन अन्य देशमा रहेका समुदायसँग एकतासूत्रको खोजीमा पनि लागेका हुन्छन् ।

अतीतमोह

बितेका क्षणको स्मृति तथा इतिहासप्रतिको प्रेम नै अतीतमोह हो । डायस्पोरिक पात्रहरू आफ्नो देश, भाषा, संस्कृति, स्वजन पराइ बन्दै जान्छन् भने अर्कातिर राज्यका तर्फबाट कानुन, नीतिनियम, विधानगत अनागरिक हुँदै जान्छन् । यस परिस्थितिले अतीतप्रतिको मोह बढाउँछ । घरविहीनताको भावले छोप्छ र आफ्नोपना हराएपछि सांस्कृतिक, भौगोलिक र ऐतिहासिक विछिन्नताले गर्दा मनमा एउटा

पूर्वस्मृतिले छोपिरहन्छ (भट्टराई, २०७१, पृ. ११९) । यसर्थ डायस्पोराहरू जीवनभर अतीतमोहमा नै जीवन बिताउन बाध्य बनेका हुन्छन् ।

डायस्पोरिक चेतनाका दृष्टिले *अर्की आइमाई* उपन्यासको विश्लेषण

कुनै पनि औपन्यासिक कृतिको डायस्पोरिक अध्ययन गर्दा कृतिको कथानकअनुसार त्यसमा प्रस्तुत पात्रको जीवनशैली र सांस्कृतिक मूल्यलाई मूल आधार मानिन्छ । *अर्की आइमाई* उपन्यासको कथानक नेपालको सिमलफाँटमा जन्मीहुर्केकी तारा पछि तरूको परिवारको दबाबमै अमेरिकामा स्थायी बसोबास गरेका सुवर्णसँग कागजी बिहे गरी अमेरिकामा रहँदा पुर्ख्यौली भूमिको स्मृति आएको छ । उसँगै सावित्री, नन्देभाइ, राजीव, कृष्ण समृद्ध जीवनको आशाले इच्छित भूमिमा पुगेका छन् । उनीहरूले इच्छित भूमिमा अत्यन्त सङ्घर्ष गर्नुपर्दछ । यसक्रममा पुर्ख्यौली भूमिमा फर्किन पनि र बिर्सन पनि नसकेको स्थितिका कारण ती पात्रहरू डायस्पोरिक जीवन बाँच्न विवश देखिन्छन् । उपन्यासकी प्रमुख पात्र तरू डायस्पोरिक जीवनको भोक्ता र द्रष्टा बनेर पहिचानको चेतना जागृत भई एकतासूत्रको खोजी र अस्तित्वनिर्माणमा जुटेको घटनाक्रममा अन्त्य भएको छ ।

उपन्यासमा प्रयुक्त पुर्ख्यौली भूमि र इच्छित भूमि

डायस्पोरा साहित्य अध्ययनका लागि पात्रहरूको पुर्खाको भूमि र जीवन निर्वाहका क्रममा गएको भूमि आवश्यक मानिन्छ । समकालीन साहित्यमा हाइब्रिड संस्कृति, चेतना र सन्दर्भहरूको कुरा नगरी हुँदैन । राष्ट्रराष्ट्रले थुनेर राखेकाहरू त्यो सीमाघेरा फोरेर उडेका छन् र एक रहस्यमय आश्चर्यको, भय र नवीनता मिसिएको सिर्जना बोकेर आइरहेका छन् (भट्टराई, २०७६, पृ. १८६) । यस्तै प्रकारले *अर्की आइमाई* उपन्यासमा पनि पुर्ख्यौली भूमि नेपालको पहाडी भूमि सिमलफाँटबाट दुई सन्तानको बाबु सुवर्णसँग कागजी विवाह गरी इच्छित भूमि अमेरिका पुगेकी तरू(तारा) पात्रको कथा छ । त्यसैगरी तरूकी छिमेकी ईलिनाह पुर्ख्यौली भूमि केन्याबाट पति ओनियाङ्गो र बार वर्षीय छोराका साथ इच्छित भूमि अमेरिका आएकी महिलाको कथा पनि जोडिएको छ । त्यस्तै उपन्यासमा सावित्री, चेतन, पवन शर्मा, खनाल दम्पत्ती, डिके, नन्दे भाइ, धनराज, राजीव, कृष्णलगायतका पात्रहरू नेपाली भूमि छाडेर अमेरिका पुगेको प्रमाण उपन्यासमा भेटिन्छन् । पुर्ख्यौली भूमि र इच्छित भूमिको द्वन्द्वको सिकार तारा मल्ल जो अमेरिका पुगेपछि (तरू बनेकी), सावित्री, नन्दे भाइ, राजीव र ईलिनाह भएका छन् । नारी पात्र तरू अमेरिका पुगेपछि त्यहाँको जीवनशैली, अत्याधुनिक प्रविधि देखेर आफ्नै जन्मभूमि सिमलफाँटमा गरिएका क्रियाकलापको प्रसङ्गबाट डायस्पोरा चेतना प्रकट भएको तथ्य कार्कीको *अर्की आइमाई* उपन्यासमा पाइन्छन् :

> दाउरा बाली भुसे चुलोमा भात पकाइन्थ्यो, हाते कलको पानी पिइन्थ्यो । हो, गोबर कसरी फाल्ने, डोको कसरी बोक्ने या घर कसरी लिप्ने भनी आफूले कसैबाट सिकेको होइन बरु परिआए सिकाइदिन सक्थैं गुरु बनेर । रहनसहन, उठबस सिक्न अति मुस्किल परेको थियो । मस्तिष्क गाह्रो मान्थ्यो । (पृ.४६)

उपन्यासको उपर्युक्त प्रसङ्गले अमेरिकी नागरिकता प्राप्त सुवर्णसँग कागजी विवाह गरी गएकी तरूलाई सासुले अमेरिकामा देखाएका आधुनिक प्रविधिसँगै पुर्ख्यौली भूमिमा आफूले गरेका भुसे चुलोमा पकाएको, हातेकलको पानी पिएको, गोबर फालेको, घर लिपेकोजस्ता क्रियाकलाप र प्राकृतिकपनसँगै आफू एक्लै

सोचमग्न हुन्छे । उसको यस सोचमग्नताबाट इच्छित भूमि अमेरिका पुगेकी पात्रलाई त्यहाँको रहनसहन, उठबस सिक्न र गर्न झन्झट लाग्नु र पुर्ख्यौली भूमिकै कल्पनामा आनन्दित बन्नुले पुर्ख्यौली भूमि र इच्छित भूमिबिच द्वन्द्व प्रस्ट भएको छ ।

त्यसैगरी चेतन र सावित्रीको दाम्पत्य जीवनबाट पनि पुर्ख्यौली भूमिबाट इच्छित भूमिमा बाध्यता, आवश्यकता र सपनाले गर्दा मानिस पुर्ख्यौली भूमिबाट विस्तारै इच्छित भूमिका संस्कार, संस्कृति, जीवनशैली र भौतिकवादी चिन्तनमा लिप्त हुँदै गएको देखिन्छ । सावित्री र चेतनको जीवन पैतृक भूमिमा सामान्य रूपमा चलेको देखिन्छ । उनीहरूले पैतृक भूमिको राजधानीमा सावित्रीले बैङ्कमा रिसेप्सनिस्टको काम गर्दछे भने चेतनले कम्युनिकेसन कर्नर पार्टनरसिपमा चलाएको देखिन्छ । दुई सन्तानको शिक्षादीक्षा र ग्राहस्त जीवन जसोतसो चलेको देखिन्छ । तर चेतन पुर्ख्यौली भूमिमा प्राप्त भौतिक सुखले सन्तुष्ट हुन नसकेपछि इच्छित भूमिमा जाने उत्कट अभिलाषाका कारण सावित्री उपयोग भएकी छ । सावित्री इच्छित भूमि अमेरिका पुगेपछि उसले व्यक्त गरेको अभिव्यक्तिले खुशी र सुखी हुन नसकेको कुरा उपन्यासको निम्न सन्दर्भबाट पुष्टि मिल्छ :

> अमेरिका पसेपछि चेतन मसँग घिनायो । टाढाटाढा झन् टाढा हुँदै गयो र भन्न लाग्यो, 'मलाई माफ गर'...दोष कसलाई दिऊँ ? यो ठाउँ र मान्छेलाई ? तर कोही कसैले हतकडी लाएर हिँड्ने भए हिँड नत्र यहीँ गोली ठोक्छु भनी मलाई ल्याएको होइन । राजीखुसी भएभरको सम्पत्ति खर्च गरेर स्वर्ग देख्न स्वर्गमै बाँच्न हजार झुटो बोलेर आइएको हो । अरुलाई कसरी दोष दिनु ? (पृ. १८९)

उपर्युक्त साक्ष्यमा सावित्री पति चेतनको आग्रहका कारण पुर्ख्यौली भूमिबाट इच्छित भूमि अमेरिका पुग्नको लागि थोमस नामको अमेरिकी नागरिकसँग विवाह गर्दछे । तीन महिनामा कार्ड बनेपछि सबै अमेरिका त पुग्छन् तर त्यहाँ पुगेपछि चेतन र छोराछोरीले समेत घृणा गर्न थाल्छन् । यसरी पुर्ख्यौली भूमि काठमाडौँ छोडी इच्छित भूमि अमेरिका पुगेपछि उनीहरूको दाम्पत्य जीवन नै तहसनहस बन्छ । जे सोचेर सावित्रीले थोमससँगको सम्बन्धलाई अघि बढाएर अमेरिका पुगी परिणाममा घृणा र उपहासको सिकार बन्न पुग्दछे । उसले पुर्ख्यौली भूमि छोडेर जाँदा जेजस्तो सपना र कल्पनाको महल खडा गरेकी थिई त्यसको विपरीत इच्छित भूमिमा पुगेपछि यथार्थबोध भएको उपन्यासको उपर्युक्त सन्दर्भबाट स्पष्ट हुन्छ । माथिको सन्दर्भले इच्छित भूमिमा आधुनिक प्रविधि, भौतिक सुखसुविधा तथा धन सम्पत्ति आर्जन गर्न सकेपनि पारिवारिक विग्रहले झन् गहिरो पीडा दिएको बुझिन्छ । उपन्यासको उक्त सन्दर्भले पुर्ख्यौली भूमिका दुःख बिर्सन इच्छित भूमिमा पुगेकी पात्र सावित्रीले पुर्ख्यौली भूमिकै जीवनशैली र जीवनपद्धति सम्झनुले पुर्ख्यौली भूमि र इच्छित भूमिको द्वन्द्व प्रसङ्ग स्पष्ट भएको छ ।

> वृत्तान्त सुनाउँछन्, 'म पढ्न अमेरिका गएको । दुःख गरेर लुकीछिपी काम गर्ने पढ्ने, अठार घण्टा नसुती । पढाइ सकियो । उतै जागिर खोज्न थालेँ । यता फर्कूँ भने एक त पढाइको ऋण तिरेर सकिएको थिएन, अर्को देशको अवस्था फर्कनेजस्तो थिएन । भिसा सकिने बेलासम्म कुनै उपाय लागेन, जागिर मिलेन । पढाइ सकेर देश नफर्की भन्नेहरूमा साथीभाइ त थिए थिए, बाउ-आमाले समेत त्यसै भन्ने ।...मैले त्यहाँ लिगल स्टाटस मेन्टेन गर्न सकेँ, बोनसमा अर्केकी छोरीसमेत पाएँ । (पृ. २१५)

उपन्यासको माथिको सन्दर्भबाट पुख्यौंली भूमि नेपाल छोडेर उसले इच्छाएको भूमि अमेरिकामा पैसैपैसा छाप्न पाइन्छ भन्ने सुन्दर कल्पनामा थियो तर त्यो त्यहाँको भूमि टेकेपछि यथार्थ बुझ्यो । उसले जेजस्ता सुखका कुरा सुनेर इच्छित भूमिमा गएको हुन्छ तर ती धेरै कुरा झुटा भएको थाहा पाउँछ । अमेरिकामा पनि काम पाउन निकै कठिन भएको सत्यबोध उसलाई भएको छ । आफूलाई त्यहाँ टिकाइराख्न र घरको ऋण चुक्ता गर्न अन्त्यमा उसले एक छोरीकी आमासँग बिहे गर्नु परेको तितो यथार्थ पनि व्यक्त गरेको छ । उच्च शिक्षा प्राप्त गरी सुखी, सम्पन्न र समृद्ध जीवन जिउने अभिलाषा बोकेर इच्छित भूमि अमेरिका पुगेको ऊ (नन्दे ज्वाइँ) पात्रले परिकल्पना गरेअनुसारको सुगम र सरल नभएको स्पष्ट भएको छ । यसरी उपन्यासको उपर्युक्त सन्दर्भले पुख्यौंली भूमि र इच्छित भूमिको द्वन्द्व प्रस्तुत भएको स्पष्ट हुन्छ ।

उपन्यासमा देखापरेका अभिव्यक्ति, विचार र सन्दर्भले पनि इच्छित भूमिमा बाध्यता, आवश्यकता र रहरले गर्दा मानिस पुख्यौंली भूमिबाट विस्तारै इच्छित भूमिका रहनसहन, संस्कृति, परिवेश, धनार्जनको बाटोमा लिप्त हुन्छ । यसरी प्रत्येक डायस्पोरिक पात्र इच्छित भूमि अमेरिकामा पलपलमा उत्पीडित भएको सन्दर्भ उपन्यासमा देखाइएको छ ।

विभाजित मानसिकता

पुख्यौंली भूमि छोडेर इच्छित भूमिमा बस्ने मान्छेहरू विभाजित मानसिकतामा बाँचेका हुन्छन् । मानव जाति सामानका एक झोला वा एक भारी उठाएर कतै राखिए जस्तो होइन । उसको बासस्थान परिवर्तन हुनासाथ उसको भौतिक अस्तित्वमा ठूलो प्रभाव पर्न जान्छ र परिणामस्वरूप उस भित्रबाट सुरक्षात्मक संयन्त्र जागेर उठ्छ अर्थात् प्रस्तिथापन र पुनः स्थापन पीडाका र फिर्तीका गाथा निर्माण हुन्छन् (भट्टराई, २०७६, पृ. १९४) । डायस्पोरामा बाँच्ने मान्छेको यथार्थ भौगोलिकतामा मात्र नभई मानसिकतामा पनि विभाजित हुन्छ । पैतृक भूमि छाडेकोमा कताकता ग्लानिबोध हुन्छ र अर्कातिर कसरी टिकिराख्ने भन्ने उत्कट चाहना पनि हुन्छ । यस किसिमको विभाजित तथा द्वैध मानसिकतामा बाँचेका पात्रहरू राजीव, नन्देभाइ, केडी, खनाल दम्पत्ति देखिन्छन् ।

> थाहै छ, हामी सँगै बस्दैनौँ । म नेब्रास्कामा पढाउँछु । वर्षमा दुईपटक भने भेट हुन्छ । तिम्रो नन्दका अझै ब्वायफ्रेन्ड फेरिरहन्छन्, त्यो पनि थाहा होला नै । भएकै कुरा हो- म ढाँट्दिन, म एक्लै छु भनेर, छैन नै । सिफ्टी र म सँगै छौँ । तर ऊ बच्चा जन्माउन मान्दिन । दुईपटक एबोर्सन गराइसकी । एउटी स्वास्नी, अर्की गर्लफ्रेन्ड भएर पनि म निःसन्तान मर्ने भएँ । मलाई आफ्नो सन्तानको रहर छ । (पृ. २१५)

उपर्युक्त अंशमा उपन्यासकी प्रमुख पात्र तरूको नन्देभाइ नेपालबाट सुमधुर सपना पालेर उच्चशिक्षा अध्ययनका लागि अमेरिका पुग्छ । उसले त्यहाँ भनेको समयमा काम नपाउँदा र ऋण काढेर गएको हुँदा ऊ जसरी पनि त्यहाँ बस्नुपर्ने बाध्यतामा परेको हुन्छ । त्यसक्रममा उसले तरूकी नन्दसँग बिहेगरी लिगल स्टाटस बनाउँछ तर एक छोरीकी आमासँग बिहे गर्नुपरेको हुँदा उसलाई ग्लानि हुन्छ । आफ्नै सन्तान बनाउने इच्छा अपूर्ण रहन्छ । गर्लफ्रेण्डले पनि बच्चा जन्माउन नमानेपछि उसको आफ्नै सन्तान बनाउने इच्छा अपूर्ण हुन्छ । कानुनी प्रावधान र आर्थिक अवस्था सुदृढ हुँदा पनि नन्देभाइ विभाजित मानसिकतामा भएको स्पष्ट हुन्छ । सुनौलो भविष्यको कामना गरी अमेरिका पुगेका नेपालीहरूको पश्चिमी संस्कृतिले

जन्माएका विसङ्गत परिस्थितिले उनीहरूको जीवन सुखमय बन्न नसकेको अर्थात् सौभाग्य र दुर्भाग्यको विभाजित मनोदशाको द्योतक मान्न सकिन्छ ।

> दिदी, हजुरले मेरो मजबुरी देख्नुभएको छ । बाह्र वर्ष भयो बाबाको मुख हेर्न पाको छैन । मेरी आमा अन्तिम समयसम्म राजीव राजीव भन्दै मेरो मुख हेर्न नपाई जानुभयो । त्यो बेला हजुरले नै संसारको रीत हो भनी सम्झाउनुभएको थियो । अब बाबा पनि भेट्न पाउँदिन कि भन्ने डर लाग्छ सधैं । त्यही चिन्ताले सताउँछ । (पृ. २१९)

उपर्युक्त साक्ष्यमा अमेरिकी भूमिमा पुगेको उपन्यासको पात्र राजीव जसलाई तरूले तिहारमा सप्तरङ्गी टीका लगाइदिने गरेकी हुन्छे । ऊ अमेरिका गएपछि कानुनी शर्त पूरा गर्न अनेक प्रयास गर्छ। त्यसक्रममा उसले धेरै पैसा पनि खर्च गरिसकेको हुन्छ । राजीव आमा बित्दा पनि नेपाल आउन पाउँदैन। अब उसले बुबालाई पनि भेट्न पाउँदिन कि भन्ने सन्त्रासमा बाँच्नुपरेको हुन्छ । घरदेश सम्झिएर जान पनि नसक्ने र अमेरिका बसिरहन पनि ताप र रापको भुमरीमा रन्थनिनु परेको द्विविधा र अन्योलपूर्ण मानसिकता यहाँ प्रकट भएको स्पष्ट हुन्छ ।

अल्पसङ्ख्यक तथा सीमान्तकृत हुनुको पीडा

डायस्पोरा सरेर गएको समुदाय भएकाले परदेशको नागरिक नै भए पनि ती अल्पसङ्ख्यक रहन्छन् र त्यो देशको कानुनमा समान अधिकार घोषणा गरिए पनि सामाजिक स्वीकृति र मिलापको वातावरण सोचेजस्तो हुँदैन (एटम, २०७०, पृ.२०) । यसरी सामाजिक हैसियत प्राप्त नहुँदा परिचयहीनताको अवस्था सिर्जना हुन्छ । अवैध रूपले अथवा निम्न ज्यालामा बसेकाहरूको जीवन निसास्सिएको हुन्छ । *अर्की आइमाई* उपन्यासमा नेपालबाट अमेरिका पुगेका आफ्नो पैतृक भाषा, रहनसहन, संस्कृति सबै छाडेर परिस्थितिमा बाँचेका पात्रहरूको पीडा कथानक बनेको विषय बनेको सन्दर्भले पुष्टि हुन्छ :

> ...एक मातृभाषाको सुगन्ध पुरुष आवाजमार्फत् । झन् नजिकिँदै नजिकिँदै । उही परिचित भाषा । जुन भाषासँगै हाँस्न सिकेँ, तोते बोल्न सिकेँ, आमालाई दङ्ग्याउन सिकेँ । थियो मेरै मातृभाषामा महिला आवाज पनि । पदचापसँगै आयो अत्तरको मिठो बास्ना । (पृ.११०-१११)

उपर्युक्त सन्दर्भ हेर्दा उपन्यासकी प्रमुख पात्र अमेरिकाबाट नेपाल आउने क्रममा बहराइनको ट्रान्जिटमा दस घण्टा बिताउँदाखेरि नेपाली महिला तथा पुरुषले बोलेको नेपाली भाषाले नजिक बनाएको प्रसङ्ग प्रस्तुत गरिएको छ । तरूले तोते बोली बोल्न, हाँस्न सिकेको नेपाली भाषामा बोलेको सुनेर ती अपरिचित व्यक्तिका कुरालाई उत्सुकतापूर्वक सुनेको उपन्यासको माथिको सन्दर्भ अल्पसङ्ख्यक तथा सीमान्तकृत हुनुको पीडा हो । उपन्यासमा चित्रण गरिएका राजीव, सावित्री, कृष्ण र तरू आफैमा सीमान्तकृत पात्र हुन् । यिनीहरूको आफ्नो भूगोल, भाषा, संस्कृति र महाजातिसँग जोडिएका पात्रहरूकोही छैनन् तसर्थ प्रत्येक पात्र आफैमा पीडित देखिन्छन् । उपन्यासको माथिको सन्दर्भबाट पनि डायस्पोराहरू कसरी सीमान्तकृत भई उत्पीडित र तनावपूर्ण अवस्थामा हुन्छन् भन्ने पुष्टि हुन्छ ।

> बजारमा झोलाहरू बिकिरहेका छन् हिजोभन्दा धेरै । र, त्यो झोलाले यात्रुको सामान मात्र बोकेर लाँदैन, परिवारको खुसी र देशको भविष्य पनि पोको पारेर बाहिर लगिरहेको छ । तर पनि हामी विदेश हिँडिरहेका छौँ । गलत हो भन्छौँ तर विवश छौँ र त्यतै लाग्दैछौँ । सम्मान र

> इज्जतको कुरा गर्ने हो भने अपवादबाहेक आफ्नो देशबाहिर हामीले पाउने इज्जत अर्की आइमाईको भन्दा माथि कहाँ होला र ? (पृ. २००)

उपर्युक्त साक्ष्यको प्रसङ्ग हेर्दा यहाँ उपन्यासमा चित्रण गरिएकी प्रमुख पात्रमार्फत बहराइनको ट्रान्जिटमा जहाजको उडान पर्खेर बसेका नेपाली युवाहरूले व्यक्त गरेको पीडा अनुभूत गराइएको छ । घरदेशबाट परदेशको यात्रामा दिनहुँ उड्ने नेपालीहरू केही अपवाद छाडेर अन्यको अवस्था माथि प्रस्तुत गरेअनुसार पाइन्छ । मानिसले घरदेश छोड्नु गलत हो भन्ने ज्ञान हुँदाहुँदै पनि विवश भई जानु परेको बताइएको छ । केही अपवाद छोडेर परदेशमा इज्जत र सम्मान पाउनु भनेको एउटा पुरुषले अर्की आइमाई राखेभन्दा माथि नहुने र यस विषम परिस्थिति र अवस्थाबोधले ह्दय भतभती पोलेको भन्ने विचार व्यक्त गर्नुले अल्पसङ्ख्यक तथा सीमान्तकृत हुँदाको मर्म उद्घाटन गरिएको स्पष्ट हुन्छ ।

परादेशीय हुनुको रोमाञ्च र पीडा

देश छोडेर परदेश जानुमा आफ्नै खालको रोमाञ्च हुन्छ । परादेशीय भई सीमाहीनता अपनाउँदा उसका आर्थिक, राजनीतिक स्वार्थहरूपनि भिन्न हुँदै जान्छन् । पैसा, भिसा वा जागिर नहुनुको समस्याले उसलाई बढी चिन्तित बनाउँछ (एटम, २०७०, पृ. २०) । प्रस्तुत *अर्की आइमाई* उपन्यासमा प्रयुक्त पात्रहरू रोमाञ्च र पीडा बोकेर बाँचेका देखिन्छन् । उपन्यासमा चित्रित पात्रहरू तरू, सावित्री, कृष्ण, राजीव, नन्देभाइ अन्य पुरुष सबै परदेशी पात्र हुन् । तिनीहरूआफ्ना आफ्नै पीडामा रुमल्लिएका देखिन्छन् भने आफ्नै किसिमको खुसीमा रमाएको पनि देखिन्छन् । उपन्यासमा चित्रित निम्न सन्दर्भले पनि पुष्टि मिल्छ :

> घरबाट टाढा एक्लो, अनि काम काम काम त्यसमाथि भाषा नबुझिने । साहुको पेलान र हेपाइ। रातभरको खटन । त्यसले गर्दा मानसिक रोग लाग्छ रे क्या । त्यही भएर त जस्तो पिरमर्कालाई पनि साधारण मानिन्छ । होइन भने कस्तो टेन्सन छ त ! ऋण खोजेर कमाउन आएको रित्तो हात फर्किएको छ । साँवा त के ब्याजसम्म तिर्न सकिएको छैन । (पृ. १९५)

उपर्युक्त अंशमा हरेक मानिस सुनौलो सपना र कल्पनाको रोमाञ्चक चुली खडा गरेर परदेश गएको हुन्छ तर परदेश पुगेपछि उसले सोचेजस्तो स्थिति नपाउँदा मानसिक रोगको सिकार बन्नुपरेको सत्योद्घाटन गरिएको छ । उपन्यासको प्रस्तुत अंश बाङ्देल नामको पात्रले ऋण गरी विदेश गएको तर भाषा, भिषा, साहुको पेलान र हेपाइले मानसिक तनावमा बाँच्नुपर्ने अवस्थालाई व्यक्त गरेको छ । एकातिर यहाँ घरदेशबाट तनावपूर्ण साहुको ऋण अर्कातिर रित्तो हात आफ्नै देश फर्किनुपर्दाको मानसिक छटपटी व्यक्त भएको छ । विदेशी भूमिमा टेक्नुभन्दा अघि कल्पना गरिएको रोमाञ्च पीडामा परिवर्तन भएको छ। घरदेशमा जस्तो सहज र सद्भावपूर्ण जीवन परदेशमा हुँदैन । डायस्पोराहरू परदेशमा रोमाञ्चका साथै पीडादायी जीवन बिताउन विवश हुन्छन् भन्ने विचारको पुष्टि माथिको अंशमा भएको छ ।

> एक त उठबस रहनसहन नै नमिल्ने । भिसा मिलाउन उस्तै सास्ती । काम पाउन त्यस्तै पापड पेल्नुपर्ने । गएर मात्र भएन नि हो । सुरक्षा हुनुपर्‍यो, काम पाउनु पर्‍यो । फलानाले पठाउँछ रे । विदेश जान मिल्छ रे भनेपछि झोला कस्न थालिहाल्ने, अनि हुन्छ ? अरुलाई के भन्नु, आफूले पनि त्यही गरियो र हन्डर खाइयो नि ! (पृ. १९६)

APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

उपर्युक्त प्रसङ्गमा उपन्यासका पात्रहरू घरदेशबाट परदेश गएपछि त्यहाँको रहनसहन, रीतिरिवाज, क्रियाकलापका कारण नयाँ भूमिमा सबै नौलो अनुभव गर्छन् सँगसँगै चिन्ताको भुमरीले पनि उनीहरूलाई छाड्दैन । विदेशी भूमिमा बस्नका लागि प्रवेश आज्ञा हुनुपर्‍यो । प्रवेश आज्ञाको समय बढाउनका लागि कानुनी प्रावधान पनि अत्यन्त झन्झटपूर्ण र खर्चिलो हुनाले डायस्पोराहरू थप आर्थिक बोझमा पर्दछन् । साथै उनीहरूले कामका लागि पनि अत्यन्त सङ्घर्ष गर्नुपर्ने सुरक्षा हेतुले पनि सन्त्रासमा बाँच्नुपर्ने यथार्थ परदेशमा गएपछि अवगत हुन्छ । त्यस्तै विदेश जान पाइन्छ भनेपछि विना सोचविचार हाम फाल्ने प्रवृत्तिका कारण कतिपय डायस्पोराहरूले अनेक सास्ती खप्नुपरेको स्थितिलाई उपन्यासको माथिको सन्दर्भबाट पुष्टि हुन्छ ।

अस्तित्वबोधका लागि एकतासूत्रको खोजी

घरदेश छोडेर परदेश पुगेका हरेक मानिसले आफ्नो नजिकको व्यक्ति खोजिरहेका हुन्छन् । विविध सांस्कृतिक पृष्ठभूमि र भाषाभाषीबाट भएपनि तिनले बिरानो भूमिमा देखिनका लागि एकताको सूत्र खोजेका हुन्छन् (एटम, २०७०, पृ. २०) । *अर्की आइमाई* उपन्यासमा पनि तरू, सावित्री, नन्देभाइ, बाङ्देल डायस्पोरिक पात्र हुन् । यिनीहरूले परदेशमा रहँदा साझा समस्यामा एक हुने विचार व्यक्त गरेका छन् । उपन्यासमा सावित्रीले अस्तित्वबोधका लागि एकतासूत्रको खोजी गरेको सन्दर्भ निम्न अंशबाट पुष्टि हुन्छ :

> तिमी चाहन्छ्यौ भने हामी हातेमालो गरेर अघि बढ्न सक्छौँ । हामीले गर्न सक्ने र गर्नुपर्ने धेरै छन् । तिमीलाई यो अभियानमा स्वागत छ । अब ह्युमन ट्राफिकिङ सम्बन्धमा काम गर्नुछ । मैले तिमीलाई सम्झिरहेकी थिएँ, यो काममा तिम्रो साथ चाहिनेछ । यसमा चुनौती भने निकै ठूलो छ । ...आफ्नो यतिका वर्षको अनुभव कसैका लागि सहयोगी भइदियो भने ठूलो खुसीको कुरा हो नि। (पृ. १११-११२)

आजको विश्वव्यापीकरणको प्रभावका कारण डायस्पोरिकहरू आफ्नो पहिचान र अस्तित्वरक्षाको खोजीमा उन्मुख छन् । उपन्यासको उक्त सन्दर्भमा अभिव्यञ्जित स्वरले मानव तस्करका विरुद्धमा एक सूत्रीय आवाज लिएर लाग्नुपर्ने विचार अभिव्यक्त भएको छ । सुनौलो सपना बोकेर विदेशी भूमिमा गएका तर विविध समस्याका कारण पहिचान गुमाएको स्थितिमा रहेका व्यक्तिको अस्तित्वरक्षाका लागि लाग्नुपर्ने र त्यसका लागि जस्तोसुकै मूल्य चुकाउन पनि पछि नपर्ने दृढ विचार व्यक्त भएको छ । उपन्यासमा डायस्पोरिक केही पात्रहरू पारस्परिक सहयोग र एकताको खोजीमा छन् । बहराइनमा जहाज पर्खाइको क्रममा नेपाली युवाले गरेको संवादले पनि अस्तित्वरक्षाको कार्यको पुष्टि गर्दछ । उनीहरू घरदेशबाट परदेशमा जाने सोचाइ नै परिवर्तन गर्नुपर्ने विचार प्रस्तुत गर्दछन् । 'बजारमा झोलाहरू बिक्री भइरहेका छन् हिजोभन्दा धेरै । र, त्यो झोलाले यात्रुको सामान मात्र बोकेर लाँदैन, परिवारको खुसी र देशको भविष्य पनि पोको पारेर बाहिर लगिरहेको छ' (पृ. २००) । यस भनाइले डायस्पोरिक जीवन कष्टपूर्ण हुने र सुखी तथा खुसी हुने चाहनाले भविष्यमा देश नै रित्तो हुने स्थितिप्रति असन्तोष व्यक्त गर्नुले अस्तित्वरक्षार्थ एकतासूत्रको मन्त्रका रूपमा आएको छ ।

अतीतमोह

घरदेश छोडेर परदेश जानेहरूमा प्रगाढ रूपमा अतीतमोह देखिन्छ । डायस्पोराको जीवन निर्वासनको संवेदनाले पीडित हुँदा मुक्तिको सास फेर्ने र अडिने टेको नै अतीतको स्मरण हो (एटम, २०७०, पृ. २०) । उनीहरूले आफ्नो देशदेखि टाढा हुँदा मातृभूमिको भूगोल, संस्कृति, भाषा, प्रकृति, पहिरन आदिलाई स्मृतिमा राखेका हुन्छन् । निर्वासनको अवस्थामा दुःखले पीडित बन्दा ती विषय समाउने टेको बनेर आएका हुन्छन् । *अर्की आइमाई* उपन्यासमा पनि प्रमुख पात्र तरूको अमेरिकामा रमाउन सकेको छैन । उसले अनुभूत गरेका विषय सन्दर्भले अतीतमोहको रमणीयता बुझाएको पुष्टि हुन्छ :

> पार्क छिर्ने बेलाको सालिकनेरै सासूले चिनेको एक परिवारसँग भेट हुन्छ । उनीहरूसँगै घुमियो । खाजा बाँडेर खाइयो । मन त्यति रम्न सकिरहेको थिएन । आफ्नै बाआमाको सम्झना आइरहेको थियो । मनमा पङ्ख जोडिएर भुर्र उतै पुगिरहन्थ्यो । छोराले अमेरिका घुमाउन ल्याएका ती वृद्ध जोडी भेटिएपछि झन् बढी नै सम्झिएकी थिएँ बाआमालाई । दुरूस्तै मेरी आमाले झैँ साडी लगाएकी थिइन् हामीसँगै घुमिरहेकी महिलाले । (पृ. १८३)

उपर्युक्त सन्दर्भमा घरदेश छाडी अमेरिका पुगेकी तरू रमाउन नसकेकी र उसको स्मृतिमा देश, भाषा, जन्मेर हुर्केको सिमलफाँट, मातापिता, पहिरन आदि विषय अमीट रहेर बसेको उपन्यासमा पाइन्छ । उसले कुनै पाको उमेरका महिला पुरुषमा आफ्नै आमाबुबाको प्रतिच्छाया देख्नु, महिलाले लगाएको साडी देखदा आफ्नी आमाको समृतिमा हराएको प्रसङ्गले डायस्पोराहरू आफ्नो भाषा, संस्कृति, व्यवहार तथा संस्कारलाई कसरी मुटुमा सँगालेर बाँचेका हुन्छन् भन्ने साक्ष्यलाई पुष्टि गर्दछ । उनीहरूले आफ्नो अतीतप्रति अत्यन्त मोह दर्शाइरहेका हुन्छन् । उपन्यासको उक्त सन्दर्भले पनि वृद्ध उमेरकाप्रति सम्मान राख्नु, पहिरनमा आकर्षित हुनु, खानेकुरा बाँडेर खानु जस्ता प्रसङ्गले नेपाली संस्कृति र परम्पराका द्योतक मानिन्छन् । उपन्यासकी प्रमुख पात्र तरू पैतृक भूमिको स्मरणमा पटक पटक हराउनु, नेपाली भाषा बोलेको सुन्दा जिज्ञासापूर्वक सुन्नु, बाल्यकालका सँगीहरूको याद गर्नुले पनि अतीतमोहले सताइरहेको स्पष्ट हुन्छ ।

निष्कर्ष

अर्की आइमाई उपन्यास अमेरिकी जीवनशैलमिा आधारित छ । यसले त्यहाँको नेपाली-अमेरिकी संस्कृतिकरणका बिचको द्वन्द्व र अमेरिकी-नेपाली जीवनका विविध पाटालाई चित्रण गरेको छ । उपन्यासमा सपनाको भूमि अमेरिका पुग्न र त्यहाँ स्थायी बसोबासका लागि डायस्पोरिकहरूले गरेका सङ्घर्ष, आशा र दुःखको सम्मिश्रणलाई चित्रण गरिएको छ । डायस्पोराका जीवनको रोमाञ्च, पीडा र समस्यालाई उपन्यास सिर्जनाको मूल पृष्ठाधार बनाइएको छ । उपन्यासको आरम्भदेखि अन्त्यसम्म देखापरेकी पात्र तरूलाई परिवारको इच्छाबमोजिम अमेरिकामा स्थायी बसोबास गर्दै आएको सुवर्णसँग कागजी विवाह गरी अमेरिका पुग्छे । त्यहाँ पुगेपछि उसले क्षणक्षणमा पुर्ख्यौली भूमि सम्झेर तड्पिनुले डायस्पोराहरूमा पुर्ख्यौली भूमि र इच्छित भूमिबिचको विभेदको चेतना देखापरेको छ । तरू उपन्यासमा डायस्पोरिकहरूको भोक्ता र द्रष्टा पात्र बनेकी छ । उसले अमेरिकामा ईलिनाह, सावित्री, कृष्ण, राजीव, नन्देभाइ, चेतन, इभा, बहराइनको एयरपोर्टमा संवाद गर्ने दुई महिला, दुई पुरुष आदि पात्रको जीवनलाई नजिकबाट अनुभूत गरेकी छ । चेतन, सावित्री, राजीव र नन्देभाइले अमेरिकामा बेरोजगार बस्दाको चिन्ता र त्यहाँको लिगल स्टाटस प्राप्त गर्न

गरेका हरकत, घरदेशमा पैसा पठाउन नसक्दा सुख र सम्वृद्धिका लागि अमेरिका आउनु सही थिएन कि भन्ने डायस्पोरिक पात्रको विभाजित मानसिकताको चेतना देखापर्दछ । अमेरिकामा नेपाली भाषा बोलेको सुन्दा, पहिरन देख्दा पुर्ख्यौली भूमिको यादमा हराउनुले अल्पसङ्ख्यक हुनुको पीडा र अतीतमोहलाई झल्काउँछ । घरदेशबाट परदेश जान तीव्र इच्छा राख्नुले एक किसिमको रोमाञ्च पात्रमा देखिएको छ भने विदेशमा पुगेपछि त्यहाँको यथार्थ बोध भएपछि पीडामा बदलिएको छ । घरदेश छाडी अमेरिका पुगेकी तरू रमाउन नसकेकी र उसको स्मृतिमा देश, भाषा, जन्मेर हुर्केको सिमलफाँटको चित्रण उपन्यासमा पाइन्छ । उसले कुनै पाको उमेरका महिला पुरुषमा आफ्नै आमाबुबाको प्रतिच्छाया देख्नु, महिलाले लगाएको साडी देख्दा आफ्नी आमाको समृतिमा हराएको प्रसङ्गले डायस्पोराहरू आफ्नो भाषा, संस्कृति, व्यवहार तथा संस्कारलाई कसरी मुटुमा सँगालेर बाँचेका हुन्छन् भन्ने पुष्टि गर्दछ । उनीहरूले आफ्नो अतीतप्रति अत्यन्त मोह दर्शाइरहेका हुन्छन् । उपन्यासमा चित्रित सन्दर्भले पनि वृद्ध उमेरकाप्रति सम्मान राख्नु, साडीमा आकर्षित हुनु, खानेकुरा बाँडेर खानु जस्ता प्रसङ्ग नेपाली संस्कृति र परम्पराका चिनारी हुन् । उपन्यासमा तरू र सावित्री डायस्पोराहरू पारस्परिक सहयोग र एकताको खोजीमा छन् । बहराइनमा जहाज पर्खेका नेपाली युवा पनि अस्तित्वरक्षाको कार्यमा जुटेका देखिन्छन् । डायस्पोरिक जीवन कष्टपूर्ण हुने र सुखी तथा खुसी हुने चाहनाले भविष्यमा देश नै रित्तो हुने स्थितिप्रति असन्तोष व्यक्त गर्नुले अस्तित्वरक्षार्थ एकतासूत्रको खोजी गरिएको छ । तरू र सावित्रीले पटकपटक पैतृक भूमि छोड्दा इच्छित भूमिमा भोगेका दुःखले विभाजित मानसिकतामा कल्पिएको, सीमान्तकृत हुँदा एकतासूत्रको खोजी हुनु, परदेशमा एकातिर रोमाञ्चित हुनु तर वर्तमानका पीडा बिर्सन अतीतमोहमा हराउनु जस्ता घटनाले *अर्की आइमाई* उपन्यासमा डायस्पोरा चेतना अभिव्यञ्जित भएको पुष्टि हुन्छ । उपन्यासमा चित्रित तरू, सावित्री, चेतन, राजीव, नन्देभाइ, इभा, ईलिनाह, कृष्ण, दुई महिला आदि पात्रका जीवनभोगाइका घटना नियाल्दा परदेश गएपछि पैतृक भूमिको माटो, भाषा, खाना, पहिरन र संस्कृतिबारे सोचमग्न भएका र पूर्णरूपले परदेशमा रम्न नसक्नुले उपन्यासमा डायस्पोरा चेतना प्रबल बनेको छ । वर्तमान विश्वव्यापीकरणको प्रभावबाट मुक्त हुन नसक्नु नै पात्रको विभाजित मानसिकता हो। यस किसिमको प्रवृत्तिले डायस्पोराहरूमा हुने इच्छित भूमिको रोमाञ्च र पीडाको पुष्टि पाइन्छ । उपन्यासका बहुल पात्र पुर्ख्यौली भूमि, भाषा, भेषभूषा, संस्कृतिप्रति आकर्षित भए पनि विदेशी भूमि र संस्कृतिको द्वैध मानसिकतामा बाँच्नुपर्ने विवशताले उनीहरू मौलिक पहिचानको खोजीमा जुटेका देखिन्छन् । यसरी उपन्यासमा प्रस्तुत पात्रको जीवनका घटनाक्रम हेर्दा *अर्की आइमाई* उपन्यास डायस्पोरा चेतनाले परिपुष्ट देखिन्छ ।

सन्दर्भसामग्री

अधिकारी, ज्ञानु (२०८१), *नेपाली डायस्पोरा कथाको समाजशास्त्रीय अध्ययन,* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

एटम, नेत्र (सम्पा.) (२०७०), *नेपाली डायस्पोराका नारी कथाकार र कथा,* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

कार्की 'निहारिका', नीलम (२०७४), *अर्की आइमाई,* काठमाडौं : साङ्ग्रिला ।

भट्ट, खेमराज (२०७८/२०७९), 'मोटेल अमेरिका उपन्यासमा डायस्पोरा चेतना', *प्रज्ञा,* १२३, पृ.४१- ५३ ।

भट्टराई, गोविन्दराज (२०७१), *सैद्धान्तिक नेपाली समालोचना,* काठमाडौं : जुगल प्रा.लि.।

भट्टराई, गोविन्दराज (२०७६), 'डायस्पोरा साहित्यको सैद्धान्तिक स्वरूप', *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड, (सम्पा.) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, (दोस्रो संस्क.), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

राई, रक्ष र तेम्बे, मिजास (२०७२), *डायस्पोरा सिद्धान्त, रचना र समालोचना,* काठमाडौँ : प्रतिभा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०७९), *डायस्पोराको सैद्धान्तिक स्वरूप,* काठमाडौँ : पैरवी प्रकाशन ।

Hall, S. (1996). 'Cultural Identity and Diaspora'*, Contemporary Postcolonial Theory.* (Ed. Padmini Mongia). UK: Oxford University press.

Mishra, S. (2006). *Diaspora criticism*. Edinburgh University Press.